# गुर्भाकोट नगरपालिका
# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ३ मिति : २०७७/०४/०२


## भाग-१

## गुर्भाकोट नगरपालिकाको विनियोजन ऐन, २०७७

गुर्भाकोट नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७

प्रस्तावना : गुर्भाकोट नगरपालिकाको आर्थिक बर्ष २०७७७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम गुर्भाकोट नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "गुर्भाकोट नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२.आर्थिक वर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: (१) आर्थिक वर्ष २०७७७८ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६३०२१७०००।- (अक्षेरुपी त्रिसठ्ठी करोड दुइ लाख सत्र हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि यो ऐन प्रमाणिकरण पश्चात

कुनै मन्त्रालय, संघ-संस्था, दातृ निकाय लगायत अन्य कुनै स्थानबाट निशर्त वा सर्शत कार्यक्रमको रुपमा खर्च गर्ने गरि नगरपालिकाको सञ्चित कोषमा थप रकम प्राप्त हुन आएमा नगर कार्यपालिकाको स्वीकृती लिई खर्च गर्ने बाधा पुग्ने छैन ।

३. विनियोजन : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।७८ को निमित्त गुर्भाकोट नगरपालिको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनुपर्नेछ ।

# अनुसूची-१

## (दफा २ सँग सम्बन्धित)

रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गुर्भाकोट नगरकार्यपालिका | ३५२१८५ | २७८०३२ | | ६३०२१७ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

अक्षेरुपी रु. त्रिसठ्ठी करोड दुई लाख सत्र हजार मात्र ।

आज्ञाले

**टेक बहादुर खत्री**

प्रमुख प्रशासकीय अधिकृत